प्रेस विज्ञप्ती

# पर्यटन प्रवर्द्धनमा लक्षित सिद्धार्थ बैंकको २०८१ सालको क्यालेन्डर जारी

*चैत्र २८, २०८०, काठमाण्डौं*

सिद्धार्थ बैंक लिमिटेडले नेपालको पर्यटनमा सहयोग पुऱ्याउने उदेश्यका साथ वि.सं २०८१ सालको नयाँ बर्षको क्यालेन्डर जारी गरेको छ । क्यालेन्डरको मुख्य विषयवस्तु "नेपालको कम परिचित पर्यटकीय गन्तव्यहरुको प्रवर्द्धन" को साथै सो गन्तव्यहरुमा जिम्मेवारपूर्वक अन्वेषण गर्नु रहेको छ ।

बैंकले यस क्यालेन्डरको माध्यमबाट नेपालका सातै प्रदेशमा अवस्थित कम परिचित तर आकर्षक पर्यटकीय स्थलहरुको प्रवर्द्धन गर्ने प्रयास गरेको छ । क्यालेन्डरमा सोलुखुम्बु जिल्लामा अवस्थित दुधकुण्ड, पर्सा जिल्लामा अवस्थित घडिअर्वा पोखरी, दोलखा जिल्लामा अवस्थित सैलुङ्ग र च्छो रोल्पा ताल, सिन्धुपाल्चोक जिल्लामा अवस्थित पाँच पोखरी, लम्जुङ्ग जिल्लामा अवस्थित भुजुङ्ग गाउँ, मनाङ्ग जिल्लामा अवस्थित नार फु उपत्यका, पूर्वी रुकुम जिल्लामा अवस्थित टकसेरा गाउँ, सल्यान जिल्लामा अवस्थित कुपिन्डे ताल, डोल्पा जिल्लामा अवस्थित अपर डोल्पा, बाजुरा जिल्लामा अवस्थित बडिमालिका र कन्चनपुर जिल्लामा अवस्थित शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज जस्ता मनमोहक पर्यटकीय गन्तव्यहरु समावेश गरिएको छ, जसले नेपालको प्राकृतिक र पुरातात्वीक सौन्दर्यतालाई उजागर गर्दछ । उक्त क्यालेन्डर बैंकको वेबसाइट *https://www.siddharthabank.com/assets/backend/uploads/Calendar/Calendar%2080.pdf* मा प्राप्त गर्न सक्नुहुनेछ ।

सिद्धार्थ बैंकको यस प्रयासले आन्तरिक तथा बाह्य पर्यटकहरुलाई नेपालका अति आकर्षक तर कम पहिचानमा रहेका पर्यटकीय गन्तव्यहरुको भ्रमण गरी पृथक अनुभव प्राप्त गर्न उत्प्रेरित गर्नुका साथै नेपालको पर्यटन उद्योगको प्रवर्द्धनमा सहयोग पुऱ्याउने बैंकले विश्वास लिएको छ ।